मिति २०८२/०१/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु भीम कान्त लामिछाने, मोहन बहादुर कार्की, शिवराम रोकाया, जय प्रसाद तिमिल्सेना, नरेश बहादुर शाही, नन्द बहादुर शाही, उपेन्द्र कुमार शाही, पदम बहादुर बुढा(क्षेत्री), गंगराज शाही, हिरा बहादुर शाही र धुपेन्द्र बहादुर शाही समेत (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००२५, ०८०-CR-०१७९ र फैसला मिति २०८०/११/२४ र ०८१/०३/२५)	जिल्ला दैलेख,चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ३ स्थित चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सुर्खेतबाट विभिन्न तालिम संचालनका लागि प्राप्त रकम अनियमितता गरेको	**प्रतिवादीहरु भीमकान्त लामिछाने, मोहन बहादुर कार्की, शिवराम रोकाय, जय प्रसाद तिमिल्सेना, नरेश बहादुर शाही र नन्द बहादुर शाहीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.३,४३,८८,८१६।- (अक्षेरुपी तीन करोड त्रिचालिस लाख अठासी हजार आठ सय सोह्र रुपैया) कायम गरि सोही दफाले निर्देशित गरे बमोजम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३(१)(झ) बमोजिम सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम असुर उपर हुन, **प्रतिवादीहरु उपेन्द्र कुमार शाही र धुपेन्द्र बहादुर शाहीलाई क्रमशः** रु. ३,४३,८८,८१६।- ,रु.७०,००,०००।— बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय तथा बिगो जफत हुन र **प्रतिवादीहरु पदम बहादुर बुढा क्षेत्री, गंगराज शाही र हिरा**	**फैसलाः** विशेष अदालतबाट मिति २०८०/११/२४ मा अध्यक्ष माननीय न्यायाधीश श्री टेकनारायण कुँवर र सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापा बिच प्रतिवादीहरु भीमकान्त लामिछाने, नन्द बहादुर शाही, पदम बहादुर बुढा(क्षेत्री), गंगराज शाही र हिरा बहादुर शाहीको हकमा दुवै न्यायाधिशहरुको रायमा मतैक्य भई निज प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर भएको र प्रतिवादीहरु मोहन बहादुर कार्की, जय प्रसाद तिमिल्सिना, नरेश बहादुर शाही, शिवराम रोकाय, उपेन्द्र कुमार शाही	**उल्लिखित आधारहरु लिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट त्रुटिपूर्ण देखिंदा बदर भागी रहेको छ।** **क.** जिल्ला दैलेख,चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ३ स्थित चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सुर्खेतबाट विभिन्न तालिम संचालनका लागि प्राप्त रकम अनियमितता गरेको भन्ने समेत बेहोराको आयोगमा प्राप्त उजुरीका सम्बन्धमा थप अनुसन्धान पश्चात विशेष अदालतमा दायर भएको प्रस्तुत मुद्दामा श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखले एउटा बेमौसमी तरकारी खेती र दुई वटा मन्टेश्वरी तालिम गरी शुरुमा जम्मा ३(तीन) वटा तालिम संचालन गर्ने गरी प्रति तालिम रु.३,३७,२००।– (तिन लाख सैतिस हजार दुई सय) का दरले तीन वटा तालिमको रु. १०,११,६००।– (दश लाख एघार हजार छ सय) मा सम्पन्न गर्ने गरी मिति २०७५।११।१३ गते प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेश, प्रदेश कार्यालय विरेन्द्रनगर, सुर्खेतको तर्फबाट का.मु निर्देशक भीम कान्त लामिछाने र लेखा अधिकृत शिवराम रोकाय पहिलो पक्ष र चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखको तर्फबाट प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना दोस्रो पक्ष भई सम्झौता गरेको देखिन्छ। पछि पुनःविना सूचना, तालिम संचालनको आवश्यक भौतिक पुर्वाधार, मानवस्रोत समेत नहेरी सिधै मिति २०७५।१२।२४ मा उक्त विद्यालयको च.नं.१४३ मिति २०७५।११।१७ गतेको पत्र लाई आधार मानेर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, कर्णाली प्रदेश कार्यालय सुर्खेतले मिति २०७५।१२।२४ गते दर्ता गरि परियोजना प्रस्ताव समेत लिई सोही दिन बदनियतपूर्वक २४ वटा सिलाईकटाइ, २० वटा बेमौसमी तरकारी खेती, ९ वटा बिल्डिङ ईलेक्ट्रोनिक्स, १८ वटा कम्प्युटर हार्डवेयर, ६ वटा कम्प्युटर रिपेरिङ एण्ड मेन्टिनेन्स टेक्निक, १३ वटा व्युटिसियन, ६ वटा मेसन र ४ वटा बेसिक मोबाईल रिपेरिङ गरी जम्मा १०० वटा (२०००जनालाई) तालिमको संचालन गर्न प्रति तालिम रु.३,३७,२००।– (तीन लाख सैतिस हजार दुई सय) का दरले रु ३,३७,२०,०००।– (तीन करोड सैतिस लाख बिस हजार) मा सम्पन्न गर्ने गरी श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखलाई जम्मा १०३ (एक सय तीन) वटा तालिम २०६० जनालाई प्रतिदिन ६ घण्टाको दरले ६५ दिन सीप विकास तालीम सञ्चालन गर्ने गरी संचालन गर्न दिएको देखिंदा जम्मा ३ वटा (प्रति तालिम कक्षामा २० जना सहभागी भई कुल ६० जनाको सहभागीता हुन सक्ने) मात्र गर्न सक्ने क्षमता भएको विद्यालयलाई उक्त विद्यालयको भौतिक संरचना,तालिम परिचालन गर्न सक्ने जनशक्ति

			बहादुर शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरको मतियारको भूमिका खेलेको देखिंदा बिगो रु.३,४३,८८,८१६।— कायम गरी सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिइएको।	र धुपेन्द्र बहादुर शाही समेत ६ जनाको हकमा सफाई दिने गरी भएको अध्यक्ष माननीय न्यायाधीश श्री टेक बहादुर कुँवरको रायसँग मतैक्य हुन नसकी सदस्य माननीय न्यायाधीश श्री राम बहादुर थापाबाट निज प्रतिवादीहरुको हकमा आरोप दावी बमोजिमको कसूर ठहर गरी कम बिगो कायम भई सजाय हुने व्यहोराको फरक राय पेश भएको हुँदा निज प्रतिवादीहरुको हकमा विशेष अदालत ऐन,२०५९ को दफा ६ को उपदफा (४) बमोजिम मिति २०८१/०३/२५ मा सदस्य माननीय श्री रितेन्द्र थापा को एकल इजलास समक्ष पेश भएको प्रस्तुत मद्दामा निज प्रतिवादीहरुले समेत सफाई पाउने ठहर	तालिमको प्रभावकारीता समेतको मुल्यांकन नगरी स्थलगत रुपमा विद्यालयको अनुगमन तथा निरिक्षण नगरी हचुवाको भरमा विद्यालयको पत्र कै आधारमा थप १०० वटा तालिममा कुल २००० जनालाई सहभागी गराई तालिम संचालन गर्ने गरी स्वीकृति दिने एवं संझौता गर्ने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् कर्णाली प्रदेश,सुर्खेतमा कार्यरत यि प्रतिवादीहरु भीमकान्त लामिछाने र लेखा अधिकृत शिवराम रोकाय एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्द बहादुर शाही र प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना समेतले मिलेमतो गरी बदनियतपूर्वक तालिम संचालनको नाममा रकम अपचलन गर्ने उदेश्यले विद्यालयको क्षमता भन्दा बढी १०० वटा तालिम संचालन गर्ने गरी संझौता भई तालिम संचालन भएको देखाई दावी गरिएको बिगो नोक्सानी पुर्याएको तथ्य प्रमाणित भएको अवस्थामा उक्त प्रमाणको ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण छ। **ख.** प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् कर्णाली प्रदेशका का.मु.निर्देशक प्रतिवादी भिमकान्त लामिछाने र चामुण्डा माध्यमिक विद्यालय दैलेखका प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना समेतका बीचमा भएको उक्त सम्झौताको शर्त, बन्देज र दायित्व बमोजिम सम्पूर्ण प्रशिक्षण चामुण्डा माध्यामिक विद्यालय आफैले संचालन गर्नु पर्नेमा उक्त प्रशिक्षण कार्यक्रम संचालनको निमित्त चामुण्डा माध्यामिक विद्यालय दैलेखका प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्द बहादुर शाही र इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि., का.म.न.पा.-३२ सञ्चालक उपेन्द्र कुमार शाही बीच मिति २०७५।११।२१ मा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्,कर्णाली प्रदेश कार्यालय सुर्खेतको खर्चमा संचालन हुने छोटो अवधिको तालिममा जम्मा १४० प्रशिक्षार्थीलाई चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखले नै तालिम प्रदान गर्ने र थप प्रशिक्षार्थीलाई इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि.ले तालिम प्रदान गर्ने र सोही विद्यालय आफैले सञ्चालन गर्नु पर्ने उक्त तालिम निजि संस्थालाई संञ्चालन गर्न दिएवापत रु.१२,००,०००।-(बाह्रलाख मात्र) रकम उक्त निजी संस्थाबाट विद्यालयले लिने भनी मिति २०७५।१२।२४ मा थप भएका तालिम कार्यक्रम स्वीकृती हुनु पूर्व नै विद्यालयले तेस्रो पक्षसँग करारनामा गरेको देखिएबाट प्रतिवादीहरुको उल्लिखित कार्यले बदनियत पुष्टि गरेको अवस्था छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद केन्द्रिय कार्यालयको मिति २०७५।१२।२८ गतेको निर्णय र सोहि परिषद्को च.नं.-२७१७,मिति २०७६।०१।०५ गतेको पत्र अनुसार विनोद बडाल निर्देशक (राष्ट्रिय सीप परिक्षण समिति) को संयोजकत्वमा गठन भएको ३ सदस्यीय छानविन कार्यदलले स्थलगत रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद कर्णाली प्रदेश, प्रदेश कार्यालय सुर्खेतमा खटिई गई छानविन गर्दा छोटो अवधीको सीपमूलक तालीम कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ को बुदा नं. ३ को खण्ड (ङ) विपरीत हुनेगरी श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३, हाडाकोट दैलेखसँग थप २००० जनाको १०० वटा समूहको तालीमको सम्झौता भएको,उक्त संस्थालाई दोस्रो पटक विद्यालयको पत्रको माग भन्दा बढी

				भई विशेष अदालतबाट फैसला भएको देखिन्छ। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.**आरोप मागदावी बमोजिमको कसुर प्रतिवादीहरुले गरेको भनी शंकारहित रुपमा पुष्टि हुन नआएको। **ख.** विवादित तालिम संचालन र भुक्तानी प्रक्रियामा प्रतिवादीहरुले बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी गरेको ठोस प्रमाणबाट पुष्टि हुन नआएको।	आवेदन प्रस्तावना लगायतका कुराहरु नहेरी थप २००० जनाको १०० समूहको तालिम संचालन गर्न मिति २०७५/११/२४ मा सम्झौता भएको पाईएको भन्ने समेत व्यहोराको छानविन प्रतिवेदन प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सानोठिमि भक्तपुरमा पेश गरेको देखिन आएबाट प्रतिवादीहरुले योजनाबद्ध रुपमा सम्झौता गर्दा कुनै सूचना प्रकाशन एवं प्रतिष्पर्धा नगरि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६२ मा रहेका प्रावधान विपरित वोलपत्र मार्फत गर्नुपर्ने कार्य लाई सिधै विद्यालयलाई तालिम संचालन गर्नसक्ने स्रोत साधन तथा क्षमताको विश्लेषण नै नगरी बदनियतपूर्वक सार्वजनिक सम्पत्ति हानीनोक्सानी गर्ने प्रतिवादीहरुले आपसी मिलेमतोमा तालिम संचालन गर्न दिएको देखिंदा देखिदै प्रतिवादीहरु भीमकान्त लामिछाने समेतलाई सफाई दिनेगरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ। **ग.** चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेख र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् कर्णाली प्रदेश, प्रदेश कार्यालय सुर्खेत बिच भएको उल्लिखित सम्झौता बमोजिम तालीम कार्यक्रम संचालन गर्न मिति २०७५।११।२६ मा गोश्वारा भौचर नं.१३ मार्फत रु.१,८०,०००।–(एक लाख असी हजार रुपैयाँ), मिति २०७६।०२।०६ मा गोश्वारा भौचर नं.१९ मार्फत रु.६०,००,०००।– (साठी लाख रुपैयाँ), मिति २०७६।०२।२६ मा गौश्वार भौचर नं. ३५ मार्फत रु.१,४२,३२,०००।– (एक करोड बयालिस लाख बत्तिस हजार रुपैयाँ) पेश्की वापत दिएको र मिति २०७६/३/२५ मा गौश्वारा भौचर नं.१०३ मार्फत रु.१,३९,७६,८१६। (एक करोड उनन्चालिस लाख छयहत्तर हजार आठ सय सोह्र रुपैयाँ मात्र) बाँकी रकम सोही भौचरमा मिलान गरि निकासा दिएको हुँदा कुल रु.३,४३,८८,८१६। (तीन करोड त्रिचालिस लाख अठासी हजार आठ सय सोह्र रुपैयाँ मात्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद कर्णाली प्रदेश, प्रदेश कार्यालय सुर्खेतले श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३, हाडाकोट दैलेखलाई भुक्तानी दिएको देखिन्छ भने चामुण्डा माध्यमिक विद्यालय दैलेखले इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि., का.म.न.पा.-३२ काठमाण्डौको नाममा मिति २०७६।०२।०५ मा रु.५८,००,०००।–(अन्ठाउन्न लाख रुपैयाँ), उमेश कुमार थापाको नाममा मिति २०७६।०२।१० मा रु.२,००,०००।–(दुई लाख रुपैयाँ), इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्टयान्ट प्रा.लि., का.म.न.पा.३२ काठमाण्डौको नाममा मिति २०७६।०२।२७ मा रु.१,००,००,०००।–(एक करोड रुपैयाँ), धुपेन्द्रको नाममा मिति २०७६।०२।२९ मा रु.७,००,०००।– (सात लाख रुपैयाँ), धुपेन्द्रको नाममा मिति २०७६।०२।२९ मा रु.१०,००,०००।– (दश लाख रुपैयाँ), राष्ट्रिय सीप बिकासको नाममा मिति २०७६।०२।३१ मा रु.१,८५,४०००।–(अठार लाख चौपन्न हजार रुपैयाँ), उपेन्द्रको नाममा मिति २०७६।०३।२७ मा रु.३००००।– (तीन लाख रुपैयाँ), चामुण्डा माध्यमिक विद्यालय दैलेखको नाममा मिति २०७६।०३।२९ मा रु.९,००,०००।–(नौ लाख रुपैयाँ), चामुण्डा माध्यमिक

विद्यालय दैलेखको नाममा मिति २०७६।०३।२९ मा रु.९,००,०००।(नौ लाख रुपैयाँ), इलाईट इन्फ्रस्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लि., का.म.न.पा.-३२ काठमाण्डौको नाममा मिति २०७६।०३।२९ मा रु.६५,००,०००।-(पैसठ्ठी लाख रुपैयाँ), कर्णालीको धुपेन्द्र बहादुर शाहीको नाममा मिति २०७६।०३।२९ मा रु.४०,००,०००।-(चालिस लाख रुपैयाँ) गरी जम्मा रु.३,२१,५४,०००।– (तीन करोड एक्काइस लाख चौवन्न हजार) सहितको रकम भुक्तानी गरेको भन्ने विवरण चामुण्डा माध्यमिक विद्यालय दैलेखको च.नं.२०३, मिति २०७९।०२।११ को पत्रसाथ संलग्न भुक्तानीको विवरण हेर्दा तालीम बापत उपलब्ध गराएको रकमको ठूलो हिस्सा इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.लाई गएको देखिन्छ भने प्रतिवादीहरुले तालिम संचालन भएको भनी रितपुर्वकका बिल भरपाई, कागजात नराखी, लेखाङकन समेत नगरी, नक्कली तथा झुठ्ठा वील भरपाई कागजातहरु पेश गरि सो विद्यालयबाट गोश्वारा भौचर समेत नउठाई सिधै व्यक्ति तथा संस्थालाई रकम भुक्तानी दिई/लिई एक आपसमा मिलेमतो गरी बदनियतपूर्वक सरकारी सम्पत्तिमा हानीनोक्सानी पुर्याई रकम हिनामिना गरी भ्रष्ट्राचारजन्य कसुर गरेको पुष्टि भई रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रही बदर भागी छ।

घ. श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखको च.नं.६२, मिति २०७६।०३।०८ गतेको पत्रानुसार तालिम संचालन सम्झौतामा तालिम सञ्चालन गरेको भनि यी प्रतिवादीहरुले भुक्तानी लिन दिनको लागि पेश गरेका श्री शीतल एग्रोभेट ट्रेडिङ सेन्टर (स्था.ले.नं.३००८२०३८२) को नामबाट जारी भएका बिजक नं.१२०६ मिति २०७५।१२।२२ को रु.१८९,४५०।-, बिजक नं.१२१८ मिति २०७५।१२२२ को रु.१६५,४००।-, बिजक नं.१२११ मिति २०७५।१२।२३ को रु.१९७,५००।-, बिजक नं.१२२४ मिति २०७५।१२।२४ को रु.१८९,४५०।-का बिजकहरुका सम्बन्धमा उक्त फर्मका संचालक डिल्लीप्रसाद पाण्डे अनुसन्धान तथा अदालत समक्ष उल्लिखित बिल बिजकहरु उक्त फर्मबाट जारी नभएको भनि कागज तथा बकपत्र गरिदिएको र आन्तरिक राजस्व कार्यालय, सुर्खेतको च.नं. ६८६३ मिति २०७९।०१।०५ को पत्र अनुसार करदाताको विक्री बिजकहरु भिडान गरी हेर्दा आर्थिक वर्ष २०७५/२०७६ मा १०८१ सम्मका विक्री बिजकहरु जारी भएको, मिति २०७५।१२।२२ देखि २४ गते सम्ममा बिजक नं १०११ र १०१२ मात्र जारी भएको साथै बिजक नं १२०१ देखि १२५० सम्मका बिजक ठेली प्रयोग नै नभएको भनी लेखि आएकोले उक्त बिजकहरु शीतल एग्रोभेट ट्रेडिङ सेन्टर (स्था.ले.नं.३००८२०३८२) बाट जारी भएका सक्कल बिजक नभई नक्कली बिजकहरु रहेको पुष्टि हुन्छ भने अर्को तर्फ तालिम संचालन सम्झौता भएको मिति २०७५।१२।२४ भन्दा अगावै जारी मिति उल्लेख भएको समेत देखिएकोले प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी नक्कली बिजकहरु तयार गरेको थप पुष्टि हुन्छ। इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.को नामबाट र श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका -३ हाडाकोट दैलेखबाट

सामाग्री खरिद सम्बन्धमा पेश भएका बिजक नं. ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१ मिति २०७६।०१।०५ मा जम्मा रकम मु.अ.कर समेत रु ९८,९१,०६१।– (अन्ठानव्वे लाख एकानव्वे हजार एकसट्ठी मात्र) रहेको देखिन्छ, सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा गर्नुपर्ने साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६२ को विनियम ३६ उपविनयम (१) (ग) अनुसार खरिद वा अन्य कार्य गर्ने सम्बन्धमा पाँच लाख रुपैया भन्दा माथि जुतिसुकै रकम भए पनि बोलपत्र मार्फत गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था विपरित मालसामान खरिद सम्बन्धमा कुनै सूचना प्रकाशन नगरि, विना प्रतिष्पर्धा इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लिबाट जारी भएका उल्लिखित बिजकहरुबाट सामान खरिद गरेको भनि देखाएको र एउटै मितिमा एउटै संस्थाले फरक फरक बिजकहरु जारी गरेको समेत देखिन्छ भने इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लिबाट जारी भएका बिजक अनुसारका सामानहरु खरिद गर्न उक्त विद्यालयले खरिद निर्णय नगरेको तथा माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदनहरु स्वीकृत गरि नियमानुसार जिन्सी अभिलेख समेत राखेको देखिदैन साथै विद्यालयले सामाग्री बुझिलिई तालिम संचालन भएको स्थानमा हस्तान्तरण भएको समेत देखिदैन। विद्यालयका तत्कालिन प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना, धुपेन्द्र वहादुर शाही, उपेन्द्र कुमार शाहीले गरेको वयान र स्थलगत रुपमा गरिएका मुचुल्काहरुको व्यहोरामा समेतबाट सामानहरु स्थानीय स्तरमा खरिद गरेको, स्थानीय व्यक्ति/संस्थालाई तालिम सामाग्री खरिद गर्न लगाएको र काठमाण्डौबाट सामानहरु ढुवानी भएको बिलभरपाईबाट समेत नदेखिएको, आन्तरिक राजस्व कार्यालय, कोटेश्वरको च.नं.८०० मिति २०७९।०३।१२ गतेको पत्रमा संलग्न Return Details अनुसार बिजक जारी भएको २०७६ वैशाख महिना र सो भन्दा अघिका महिनाको खरिद महलमा शुन्य खरिद देखिएको र आय विवरणको अनुसूचि ५ मा व्यापार मौज्दातको लागत खर्च शुन्य देखाएकोले विक्री बिजकहरु मात्र तयार गरेको तर उक्त बिजकहरुमा उल्लेख भएका सामाग्रीहरु खरिद गरेको नदेखिएकोले उल्लिखित सामाग्रिहरु खरिद समेत नभएको पुष्टि भई प्रतिवादीहरुले नभए नगरेको तालिम संचालन गरेको भनी झुट्टा बिल बिजक बनाई भुक्तानी लिई दिई भ्रष्टाचारजन्य कसुर गरेको उल्लिखित सबुद प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा उक्त प्रमाणहरुलाई मुल्यांङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको उक्त फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण रही बदर भागी छ।

ङ. उल्लिखित तालिम संचालनको लागी स्थानीय निकायसँग समन्वय गरी संचालन गर्नु पर्नेमा सो नगरी तालिम संचालन गरेको, छोटो अवधिको सीपमुलक तालिम कार्यक्रम संचालन कार्यविधि, २०७५ अनुसार प्रशिक्षार्थि छनौट प्रकृया र तालीमका सहभागीहरुको योग्यता तोकिएकोमा सो पालना नगरी सिधै निजी संस्थाले

					प्रशिक्षार्थि छनौट गरेको देखिएको, उक्त कार्यविधि अनुसार मुख्य र सहायक प्रशिक्षक नतोकिएको, चलानी नभएका नियुक्ति पत्रहरुमा कुन स्थान र क्षेत्रमा तालिमको प्रशिक्षक तोकिएको हो सो नखुलेको, कुनै पनि नियुक्तिपत्रहरु मुख्य प्रशिक्षक तथा सहायक प्रशिक्षकको रुपमा नियुक्ति भएका व्यक्तिहरुले बुझेको पनि नदेखिएको, नियुक्तिपत्रमा उल्लेख भएको चलानि नंम्वर उक्त विद्यालयको चलानी किताबमा रहेको चलानी संग भिडान भएको नदेखिएको, चलानी भएका र नभएका दोहोरो हुने गरि तयार गरेका नियुक्तीपत्रहरु नक्कली तयार गरेको पाईएको तथा पारिश्रमिक भरपाईमा सम्बन्धित व्यक्तिहरुले बुझेको हस्ताक्षर पनि नभएको, तालिम संयोजकमा खटिएका भनि उल्लेख भएका व्यक्तिहरु तालिममा खटेको नदेखिएको रीतपुर्वकका कागजात, बिलभरपाईहरु नहेरी तालिम संचालन सम्झौता विपरीत हुने गरि विद्यालयलाई रकम निकासा दिएको, तालिम सामाग्री खरिद भनी देखाएका बिजकहरु नक्कली रहेका, खरिद गरिएका भनी देखाएका सामानहरु सम्बन्धित विद्यालयको जिन्सी अभिलेखमा नदेखिएको एवं तालिम संचालन भएको स्थानमा समेत नपुगेको, विद्यालयले कुनै कागजात नराखी गौश्वारा भौचर समेत नउठाई सिधै चेकहरु काटी खर्च भएको देखिएकोमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ,कर्णाली प्रदेश, प्रदेश कार्यालय विरेन्द्रनगर, सुर्खेतको गोश्वारा भौचर १०३ मिति २०७६।०३।२५ को अभिलेख अनुसार सीप विकास तथा जनचेतना तालिम गोष्ठी (२० जनाको समुहमा ३९० घण्टाको छोटो अवधीको तालिम) शिर्षकमा रकम रु.३,६५,८५,६००।– (तिन करोड पैसठ्ठी लाख पचासी हजार छ सय मात्र) विनियोजन भएकोमा पारिश्रमिक कर वापत रु.१८,५४,०००।– (अठार लाख चउन्न हजार मात्र), सम्पति बहाल आयमा लाग्ने कर रु.१०३,०००।–(एक लाख तीन हजार मात्र), प्राइभेट कम्पनी लि. को मुनाफामा लाग्ने कर रु.२३९,७८४।– (दुई लाख उनन्चालिस हजार सात सय चौरासी मात्र) कट्टा गरि श्री चामुण्डा माध्यमिक विद्यालय चामुण्डा बिन्द्रासैनी नगरपालिका-३ हाडाकोट दैलेखको नाममा रु.३,४३,८८,८१६।– (तिन करोड त्रिचालिस लाख अठासी हजार आठ सय सोह्र मात्र) निकासा भएको रकम सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक प्रशासन नियमावली २०६४, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् आर्थिक प्रशासन सम्वन्धी विनियमावली, २०६२ र छोटो अवधिको सीपमुलक तालिम कार्यक्रम संचालन कार्यविधि, २०७५ बिपरित हुनेगरी सामान खरिद गरेको भन्ने झुठ्ठा वीलहरु पेश गरेको र खरिद सामान आम्दानी तथा खर्च गरेको नदेखिएकोबाट तालिम संचालनका लागि चाहिने सामान नै खरिद नगरेएको भन्ने देखिदा देखिदै तालिम संचालन भएको भनी रितपुर्वकका बिलभरपाई, कागजात नराखी, लेखाङकन समेत नगरी, नक्कली तथा झुठ्ठा वील भरपाई कागजातहरु पेश गरि सो विद्यालयबाट गोश्वारा भौचर समेत नउठाई सिधै व्यक्ती तथा संस्थालाई रकम भुक्तानि दिई खर्च समेत गरेको देखिदा देखीदै सो कार्यलाई मान्यता दिनेगरि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेश, प्रदेश कार्यालय विरेन्द्रनगर, सुर्खेतका का.मु.निर्देशकहरु भीमकान्त लामिछाने,मोहन बहादुर कार्की तथा लेखा अधिकृत शिवराम रोकाय,सामाजिक विकास मन्त्रालयका शाखा अधिकृत पदम बहादुर बुढा चामुण्डा माध्यमिक विद्यालय दैलेखका प्रधानाध्यापक जय प्रसाद तिमिल्सेना, लेखापाल नरेश बहादुर

					शाही, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्द बहादुर शाही प्रशिक्षकहरु गंगराज शाही, हिरा बहादुर शाही र इलाईट इन्फ्रास्ट्रक्चर डिभलपमेन्ट कन्सल्ट्यान्ट प्रा.लि. का.म.न.पा. ३२ काठमाण्डौ नामक निजी संस्थाका संचालक उपेन्द्र कुमार शाही तथा धुपेन्द्र शाही समेतका प्रतिवादीहरुको मिलेमतोम बदनियतपूर्वक सार्वजनिक सम्पत्ती हानीनोक्सानी पुर्याई रु.३,४३,८८,८१६।- (तिन करोड त्रिचालिस लाख अठासी हजार आठ सय सोह्र मात्र) रकम हिनामिना गरी भ्रष्ट्राचारजन्य कसुर गरेको उल्लिखित सवुद प्रमाणहरुले पुष्टि गरिरहेको अवस्थामा उक्त प्रमाणहरुको मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीबाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुर्टीपूर्ण रहि बदरभागी रहेको छ। **च.** विवादित तालिम संचालन र भुक्तानी प्रक्रियामा प्रतिवादीहरुले बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी गरेको ठोस प्रमाणबाट पुष्टि हुन नआएको भन्ने आधारको सन्दर्भमा हेर्दा, सम्मानित सर्वोच्च अदालतबाट **सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको सर्वोच्च अदालत वुलेटिन,वर्ष १८,अंक १५,मंसिर २०६६,पूर्णाङ्क ४१७,पृष्ठ १९मा** *"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिन वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व मनसाय तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ।प्रस्तुत सन्दर्भमा प्रतिवादीहरुले क्रियातत्व हेर्दा मासी खाएको रकम वेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने दुरुपयोग गरी मनसायबाट काम कारवाही भएको देखिन्छ।यस्तो कार्य भष्टाचारजन्य कसूर अन्तर्गत पर्ने"*।भन्ने नजिर सिद्धान्त समेत प्रतिपादन भएको अवस्थामा प्रस्तुत मुद्दामा प्रतिवादीहरुले नभए नगरेको तालिम संचालन गरेको भनी झुट्टा बिल बिजक बनाई रु.३,४३,८८,८१६।- (तिन करोड त्रिचालिस लाख अठासी हजार आठ सय सोह्र मात्र) भुक्तानी लिई दिई राष्ट्रसेवकले आफू तथा अन्य निजी व्यक्ति तथा संस्थालाई गैरकानुनी लाभ पुर्याउने कार्य गरि बदनियतपूर्व सार्वजनिक सम्पत्ति हानिनोक्सानी हिनामिना गरी भ्रष्टाचारजन्य कसूर कसुर गरेको पुष्टि हुँदा हुँदै उल्लिखित नजिर सिद्धान्तको प्रतिकुल हुने गरी भएको उक्त फैसला त्रुटि पूर्ण रही बदर भागी छ।